स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाहले अदालतबाट सफाई पाइसकेको भएपनि आफूलाई बलात्कारी भन्ने गरेकोप्रति असन्तुष्टि व्यक्त गरेका छन् । जेलमुक्त भएपछि दिएको पहिलो टीभी अन्तर्वार्ता 'ह्वाट द फ्लप'को श्रृंखला विवादित भएर युट्युबबाट हटाइएपछि उनले मंगलबार साँझ फेसबुकमा स्टाटस लेख्दै 'निधारमा बलात्कारी हुँ लेखेर देश छाडौँ या रत्नपार्क गएर आत्मदाह गरौँ' भनेर प्रश्न गरेका छन् । आफूलाई बलात्कारीको ट्याग दिँदा परिवारमा पर्ने आघातका बारेमा सोचिदिन पल शाहको आग्रह छ ।

आजको विचार...



कृष्णप्रसाद सिग्देल

तीनै... (दुई पेजमा)



अघिल्लो वर्षको सुपरहिट फिल्म 'दुई नम्बरी'को स्टारकास्टलाई लिएर फिल्म 'हात्तीछाप'को छायांकन सुरु गरिएको छ । 'झ्यानाकुटी' फेम्ड निर्देशक सिमोस सुनवारले निर्देशनको जिम्मेवारी सम्हालेको फिल्मको छायांकन १५ दिन काठमाडौं र १५ दिन पोखरा आसपासमा हुनेछ । छायांकन सुरु भएसँगै फिल्ममा अभिनेत्री बेनिशा हमालको प्रवेश भएको छ । सिमोससँग उनको यसअघि 'झ्यानाकुटी'मा सहकार्य भएको थियो । सामाजिक कथावस्तुलाई कमेडी शैलीमा प्रस्तुत गरेर बन्न लागेको फिल्मको कथा, पटकथा तथा संवाद प्रदीप भारद्वाजको हो ।

❒ वर्ष २८ ❒ अंक ३४४ ❒ २०८० असार २७ गते बुधबार 12 July 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# ललिता निवासमा मेरो कुनै संलग्नता छैन : पूर्व प्रधानमन्त्री नेपाल

कृष्ण पोखरेल

**पाल्पा,** असार २६/पूर्व प्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले ललिता निवासमा आफ्नो कुनै पनि संलग्नता नभएको बताएका छन् । उनले ललिता निवास जग्गा काण्डमा आफूले कुनै गल्ती नगरेको र दोषी माथि कडा छानविन हुनुपर्ने बताएका हुन् ।

नेपाल पत्रकार महासंघ पाल्पा शाखाले मंगलबार तानसेनमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा पूर्व प्रधानमन्त्री नेपालले ललिता निवास जग्गा काण्डमा सर्बोच्च अदालतदेखि अख्तियारसम्मको नाम जोडिएको छ सबैको विषयमा छानविन हुनुपर्छ, मेरो पालामा भएकोले मेरो नाम पनि जोडिएको छ मैले कुनै गल्ती गरेको छैन, मलाई कुनै डर नभएको बताए । हरेक प्रधानमन्त्रीकालमा विभिन्न निर्यणहरु हुन्छन् तर ति निर्यणहरु कसरी भएका



छन् भन्ने विषयमा छानविन गरेर दोषी माथि कारवाही गर्नुपर्ने पूर्व प्रधानमन्त्री नेपालले जोड दिए । सरकारले देशभरीका सरकारी जग्गा छानविन गरेर दोषी देखिएका जस्तोसुकै ओहोदाका व्यक्तिहरुलाई पनि कारवाही गर्न सरकारलाई सहयोग गर्ने नेकपा एसका अध्यक्ष नेपालले बताए । मुलुकमा व्यवस्था र अवस्था जनताले चाहे अनुसार परिवर्तन हुन नसकेको, व्यवस्थामा थुप्रै समस्याहरु रहेको, संघियता अनुरुप कुनै पनि क्षेत्रमा काम हुन नसकेको र जनताले संघियताको महशुस गर्न नपाएको पूर्व प्रधानमन्त्री नेपालले आफै गुनासो गरे । उनले अहिले गठवन्धन ५ बर्ष सम्म टिक्ने बताए । तपाईको पालो कहिले हो ? प्रधानमन्त्री बन्ने ? पत्रकारहरुको प्रश्नमा जटिले प्रश्न सोधेको भन्दै आपसी छलफलबाट तय हुने बताए ।

मुलुकको विकास निर्माण तथा प्रजातान्त्रिक व्यवस्था ल्याउन पुराना दलहरुको महत्वपूर्ण भूमिका रहेकोले आगामी दिनहरुमा पनि पुरानादलहरुको विकल्प नरहेको पूर्व प्रधानमन्त्री नेपालले जोड दिए । अहिले धेरै व्यक्तिहरुको हतारमा बोल्ने अनि पछुताउने काम भइरहेकोले आफु अहिले हाड नभएको जिब्रोलाई नियन्त्रणमा लिई बोल्दै आएको नेकपा एसका अध्यक्ष नेपालले जोड दिए । बजेट निर्माण गर्दा अर्थमन्त्रालय, अर्थमन्त्रीको आफुखुसी गरेकोले सरकारमा सहभागी भएर पनि असन्तुष्टी जनाएको भएपनि सुधार गर्दै लैजाने सहमतीमा पारित गरेको नेकपा एसका अध्यक्ष नेपालले जोड दिए ।

नेकपा एसका अध्यक्ष नेपालले एमाले प्रति लक्षित गर्दै काम गर्दा ढंग नपुऱ्याएपछि अर्को पक्षलाई धारे हात लगाएर केही पनि नहुने बताए । चुनाव भएपछि एमाले प्रमुख सत्ता साझेदार भएर पनि आज आफ्नै बुद्धि र अहंकारले गर्दा प्रतिपक्षमा खुम्चिनु परेको र आगामी दिनमा अझै के-के हुने हो हेर्दै जानुहोला, सरकारलाई गाली गरेर मात्र केही नहुने पूर्व प्रधानमन्त्री नेपालले बताए । पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष भरत शर्माको स्वागत र सचिव यज्ञमुर्ति तिमिल्सीनाको सञ्चालनमा भएको थियो ।

## सक्षिप्त समाचार

### मनाङ एयरको हेलिकोप्टर दुर्घटनामा ६ को मृत्यु



**पाल्पा,** असार २६/मनाङ एयरको हेलिकोप्टर दुर्घटनामा परी ६ जनाको मृत्यु भएको छ । हेलिकोप्टरमा चालक दलका सदस्यसहित ६ जना सवार थिए । क्याप्टेनबाहेक पाँचजना मेक्सिकन नागरिक हुन् ।

हेलिकोप्टर क्याप्टेन चेत गुरूङले उडाएका थिए । हेलिकोप्टरमा मेक्सिकन नागरिक सीफुन्ट जी फर्नाडो, रिनकोन स्मार, सीफुन्ट मारिया, गुन्जालेज ओलाक्लो र जोन्जालेक्स एब्रिक सवार थिए । मंगलबार बिहान १० बजेतिर सम्पर्कविहीन भएको ९ एनए-एमभी कल साइन नम्बर भएको हेलिकोप्टर लिखुपिके गाउँपालिका-५ भकान्जेस्थित लामाजुराको च्यानडाँडामा दुर्घटनाग्रस्त अवस्थामा भेटिएको थियो ।

## ललिता निवास प्रकरणमा थप दुई जना पक्राउ



**पाल्पा,** असार २६/ललिता निवास जग्गा प्रकरणमा जोडिएका थप दुई जना आरोपित पक्राउ परेका छन् । बालुवाटारस्थित ललिता निवास भित्रको सरकारी जग्गा हिनामिना गरेको आरोपमा थप दुई जना पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका अनुसार योगराज पौडेल र नारायण दास मिश्र पक्राउ परेका हुन् । तत्कालीन मालपोत कार्यालयका नायब सुब्बा पौडेल र खरिददार मिश्रलाई मंगलबार काठमाडौंबाट पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्यूरोले जनाएको छ । सीआइबी स्रोतका अनुसार यस प्रकरणमा केही पूर्व सचिव, बहालवाला सचिव र पूर्वमन्त्री समेत संलग्न भएको प्रमाण प्रहरीले फेला पारेको छ । ललिता निवास जग्गा प्रकरणमा संलग्न ४ सय ६ विरुद्ध पक्राउ पुर्जी जारी भएसँगै मुलुकको उच्च पदमा रहेका व्यक्ति पनि समातिन थालेका हुन् ।

## बाख्रापालनमा हौसिँदै रामपुरका महिला

सुशीला रेग्मी (रासस)

**रामपुर (पाल्पा),** असार २६/करिब एक दशकअघि गाउँको सबैका घर-घरमा कम्तीमा पनि एक-दुईवटा बाख्रापालन गरिन्थ्यो । आम्दानीका लागि बाख्रापालनलाई कमैले मात्र जोड दिने गरिन्थ्यो । गाईभैंसी बाँध्ने गोठमा सामान्य दानापानी, घाँसपात दिएर परम्परागत तरिकाले बाख्रापालन गर्ने चलन थियो । बाख्रापालन गरेर आम्दानी धेरै लिन सकिन्छ भन्ने चेतना र सोच कमैमा थियो । बाख्रापालन गर्ने प्रविधि, ज्ञान, सीप र सहयोग नपाउँदा कतिपय स्थानीय नयाँ तरिकाबाट व्यवसाय गर्ने चाहना भएता पनि यसबारे अनभिज्ञ रहँदा परम्परामै सीमित रहन बाध्य भएका हुन् । तर अहिले भने स्थानीयको अवस्था पहिलेको तुलनामा धेरै फेरिएको छ ।

गाउँ-गाउँमा स्थानीय सरकारले आयआर्जनमूलक क्षेत्रमा लगानी, विभिन्न सीप, प्रविधि सिकाउन थालेपछि बाख्रापालन आम्दानीको भरपर्दो र दिगो आयस्रोत हो भन्ने सबैमा चेतना बढ्दै गएको छ । बाखापालन व्यवसायमा राम्रो ज्ञान सीप र प्रविधि



पाएपछि पाल्पा रामपुरका महिलाको दिनचर्या बदलिएको छ । बाख्रापालनलाई व्यवसायीकरण गर्न थालेपछि रामपुर-१० तल्लो कुमालगाउँ बस्ने कमला कुमालको दिन फेरिँदै गएका छन् । आफूले घरमा पालनपोषण गरेको पाठा नौ महिनामा बिक्री गरी बुझेको रु १५ हजार रकमले उनीमा खुसीको सीमा छैन । रामपुर नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक साझेदारी तथा पछौटेपन उन्मूलन समाज बेस नेपालको सहजीकरणमा नगरभित्रका महिलालाई बाख्रापालनबाट जिविका धान्ने गरी माउ बाख्रा वितरण तथा विभिन्न औषधि, तालिम, बाख्रापालन गर्ने सीप पाएपछि उनले नयाँ प्रविधिबाट बाखापालन थालिन् । उनी भन्छिन्, "बाख्रापालनका लागि धेरै प्रविधि सिकियो, आधुनिक प्रविधिअनुसार पालनपोषण थालिएको छ, दानापानी, घाँसपात दिने तरिकालगायत धेरै सीप सिकेपछि बाख्रापालनमा सजिलो भएको छ, आफ्नो मेहनतले आर्जन गरेको कमाई हात पर्दा छुट्टै आनन्दको अनुभूति भइरहेको छ ।" उनको घरमा नगरपालिकाको सहयोगमा एक माउ बाख्रासहित एक सानो पाठी र दुई ठूला माउ बाख्रा छन् । बाख्रापालन गरेर मनग्य आम्दानी गर्ने लक्ष्यसहित व्यवसाय विस्तार गर्दै जाने उनी बताउँछिन् । धेरै मेहनत गर्न नपर्ने, घरको कामधन्दा, छोराछोरीको हेरचाह गर्दै बाख्रापालन कमाई गर्ने आधार बनेकामा उनी उत्साहित छिन् । तल्लोकुमाल गाउँकै गंगादेवी कुमालले बाखापालन गर्ने विभिन्न प्रविधि, सीपमूलक तालिम पाएपछि व्यवस्थित खोर निर्माण गरेर बाख्रापालन थालेकी छिन् । उनको घरमा हाल पाँच माउबाख्रा, दुईवटा पाठा, दुईवटा पाठी छन् । रामपुर नगरको सहयोगमा एक माउ बाख्रा पाएपछि अरु बाख्रा आफैँले थप गरेर व्यवसाय चलाएकी हुन् । बाख्रापालनलाई व्यवस्थित गरी दिगो आम्दानीको स्रोत भित्र्याउन रु ४५ हजारको लागतमा करिब २० वटा बाख्रा अट्ने खोर निर्माण गरेकी छिन् । उनले ५० वटासम्म माउ बाख्रापालन गर्ने लक्ष्य राखेकी छिन् । एक बाख्राबाट सुरु गरेको व्यवसाय थपिँदै जाँदा अहिले नौ पुगेको छ । बाखापालन गर्नुअघि उनले गाउँघरमा मजदुरी गर्दै आएकी थिइन् । "मजदुरी कामले मात्रै जीविका चलाउन सकिएन, परिवारको आयस्रोत केही छैन, परिवार धान्न र आयआर्जनका लागि बाख्रापालनलाई जोड दिएको छु", उनले भनिन्, "बेला-बेलामा यससम्बन्धी सीपमूलक तालिम, प्रविधि सिक्न पाइने, बाख्रापालनमा स्थानीय सरकारबाट सहयोग पाइँदोरहेछ, यसमै असाध्यै खुसी छु ।" *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सरकार र संसद

हाम्रो मुलुकमा सरकार कसरी चलिरहेको छ भन्ने कुराको अनभूत भने आम नागरिकले गर्न सकेका छैनन् । त्यसैकारण जनमानसको मानस्पटलमा सरकार केवल नाम मात्र हो, सरकारले गर्नुपर्ने काम खासै केही पनि भएका छैनन् भन्ने अनुभूत बाहेक केही पनि हुन सकेको देखिदैन । जनताका न्यूनतम आवश्यकतालाई तीनै तहका सरकारले गम्भीर भएर अभिभावकत्व लिनुपर्नेमा त्यसो भएको पाइदैन यहाँ । सरकार आफैमा निरीह र जनता प्रति उत्तरदायी हुन सकेन भने भविश्यका लागि समयानुकुलको मुलुक परिकल्पना गर्न गाह्रो हुने अवश्यम् भावी छ । शिक्षा, स्वास्थ्य अनि गास र वासको ग्यारेन्टी गर्ने कुरामा सरकारहरु चुकेका छन् । विकासका नाममा बाटा अनि कुला र कुलेसा खनेर मात्र विकासले गति लिइरहेको छ भन्न मिल्दैन । त्यसकारण पनि यी सरकारहरुले भौतिक पूर्वाधारका साथै देशले नैतिकवान नागरिक उत्पादनका दीशातर्फ ध्यान दिनु आजको आवश्यकता हो ।

नागरिकलाई प्रत्यक्ष फाइदा हुने कुरा र देशले भविश्यमा प्राप्त गर्ने उपलब्धीका विषायमा जनचासो देखाउनु मात्रै नभएर प्रभावकारी र दीर्घकालीन सोंचलाई वहुजन हितायको सिद्धान्त अनुरुप अगाडि बढ्नुपर्ने हुन्छ । सरकार आफैमा नागरिकको नजिकको अभिभावक र देशलाई संसारकै उत्कृष्ट मुलुकका रुपमा अगाडि बढाउने काममा लागि पर्ने महत्वपूर्ण अंग पनि हो । त्यसकारण सरकार आफैमा गम्भीर र जिम्मेवार हुनुको विकल्प छैन । संसद केवल प्रतिपक्षका लागि मात्र बनेको होइन, सत्तामा भएका सांसदले पनि संसद प्रतिको आफ्नो उत्तरदायित्व र सरकारलाई दीशा निर्देश गर्ने काममा सहयोगी र समआलोचक दुवै बन्नुपर्ने हुन्छ । अनि मात्र सरकार नागरिक प्रति उत्तरदायी हुन सक्छ ।

### Opinion @ Social Network

एकदिन तिमीलाई अवश्य भेट्नेछु ।
तिमीले चिन्ने छेउ मलाई, तर मैले चिन्न अस्विकार गर्नेछु ।।
*(सुरेश न्यौपानेको फेसबुक स्टाटस https://www.facebook.com/suresh.neupane)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तीनै तहका सरकारबीचको पर्यटन विकासका अवसर र चुनौती



**कृष्णप्रसाद सिग्देल**

***नेपालमा भ्रमण गर्ने पर्यटकहरूमध्ये करिब ६० प्रतिशत पर्यटकहरूले यहाँको संरक्षित क्षेत्रहरूको भ्रमण गर्ने गर्दछन् । यसरी हेर्दा नेपालको पर्यटन उद्योगमा पर्यापर्यटनले ठूलो हिस्सा ओगटेको छ । जसमा यहाँका प्राकृतिक स्रोतको भूमिका महत्वपूर्ण मानिन्छ । जैविक विविधताले धनी देश नेपालमा पर्यापर्यटन विकासको प्रशस्त सम्भावना रहेको छ तर राज्यको पूनर्संरचनाको प्रसंगसँगै देशको प्राकृतिक स्रोत र पर्यटन उद्योगको भविष्य कस्तो रहला, त्यो नै आज सबै नेपालीको प्रमुख सरोकारको विषय बनेको छ । प्राकृतिक स्रोत भन्नाले पर्यटन, राष्ट्रिय पार्क तथा संरक्षण क्षेत्र, पहाड, हिमाल, पदयात्रा, वनजंगल, नदीनाला, ताल, तलैया, खनिज, ढुंगा, बालुवा जस्ता बस्तु पर्दछन् । कैलाली जिल्ला नेपालको प्राकृतिक सम्पदा उपलब्धताको दृष्टिकोणले सबैभन्दा धनी जिल्ला मानिन्छ । प्रतिव्यक्ति प्राकृतिक स्रोतको सम्भाव्यताबाट प्राप्त हुनसक्ने आम्दानीको विश्लेषण गर्दा मनाङ जिल्ला एक नम्बरमा रहेको पाइन्छ ।***

नेपाल हिमालयको काखमा अवस्थित छ । सर्वोच्च शिखर सगरमाथालगायत विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ वटा हिमचुचुरामध्ये आठवटा चुचुराको अवस्थितिले पनि नेपाल विश्व आकर्षणको केन्द्र मानिन्छ । विविध भौगोलिक स्वरूप तथा हावापानीले गर्दा नेपाल विभिन्न पारिस्थितिक प्रणालीको संगमस्थल बनेको छ । नेपालको पूर्वदेखि पश्चिमसम्म मालाझैं बनेर रहेका, गगनचुम्बी हिमचुचुरा, पहाड, पाताल छाँगा, अविरल बगिरहने नदीनाला, कञ्चन झरना, खोच, उपत्यका, समथर मैदान, फाँट, हरियाली वनजंगललगायत आफ्नै विशेषताले भरिपूर्ण यहाँका प्राकृतिक सम्पदा नै नेपालका गहना हुन् । विभिन्न प्रजातिका वन्यजन्तु एवं चराचुरुंगीहरू, रंगीविरंगी फूलहरूले बेहुलीझैं ढकमक्क सजिने यहाँका फरक-फरक विशेषता बोकेका वनजंगल एवं विविध पारिस्थितिक प्रणालीहरू यो तपोभूमिका लागि प्राकृतिको वरदान हुन् । विविधतायुक्त जैविक भण्डारले, नेपाललाई विश्वभरमा २५औं र एसियामा ११औं स्थानमा रहेको छ । भू-भागको हिसाबले विश्वको कूल भूभागको करिब ०.१ प्रतिशत मात्र ओगटेको नेपालमा विश्वको कुल वनस्पतिको २.२ प्रतिशत फूल फुल्ने र ३ प्रतिशत फूल नफुल्ने वनस्पति पाइन्छन् । यसरी विश्व मानचित्रमा नेपाल अत्यन्त सानो देश भए तापनि जैविक विविधताको दृष्टिकोणले निकै सम्पन्न मानिन्छ । प्रदुषणमुक्त उद्योगको रूपमा लिइने, पर्यटन उद्योग विश्वको सबैभन्दा ठूलो उद्योग मानिन्छ । हालको समयमा नेपालको पर्यटन व्यवसायले राज्यको कूल आम्दानीको करिब ३.४ प्रतिशत मात्रै योगदान पुऱ्याएको भए तापनि यसको भविष्य उज्ज्वल देखिन्छ । शहरी क्षेत्रको विकासमा मात्रै नभएर ग्रामीण क्षेत्रको गरिबी निवारणमा समेत यसले योगदान पुऱ्याएको छ ।

नेपालको पर्यटन विकासमा यहाँका प्राकृतिक सम्पदा र वन्यजन्तुको योगदान महत्वपूर्ण रहेको छ । नेपाल पर्या-पर्यटन अर्थात् इकोटुरिज्म विकासको सम्भावनाले एसिया महादेशमै अग्रस्थानमा छ । नेपालमा भ्रमण गर्ने पर्यटकहरूमध्ये करिब ६० प्रतिशत पर्यटकहरूले यहाँको संरक्षित क्षेत्रहरूको भ्रमण गर्ने गर्दछन् । यसरी हेर्दा नेपालको पर्यटन उद्योगमा पर्यापर्यटनले ठूलो हिस्सा ओगटेको छ । जसमा यहाँका प्राकृतिक स्रोतको भूमिका महत्वपूर्ण मानिन्छ । जैविक विविधताले धनी देश नेपालमा पर्यापर्यटन विकासको प्रशस्त सम्भावना रहेको छ तर राज्यको पूनर्संरचनाको प्रसंगसँगै देशको प्राकृतिक स्रोत र पर्यटन उद्योगको भविष्य कस्तो रहला, त्यो नै आज सबै नेपालीको प्रमुख सरोकारको विषय बनेको छ । प्राकृतिक स्रोत भन्नाले पर्यटन, राष्ट्रिय पार्क तथा संरक्षण क्षेत्र, पहाड, हिमाल, पदयात्रा, वनजंगल, नदीनाला, ताल, तलैया, खनिज, ढुंगा, बालुवा जस्ता बस्तु पर्दछन् । कैलाली जिल्ला नेपालको प्राकृतिक सम्पदा उपलब्धताको दृष्टिकोणले सबैभन्दा धनी जिल्ला मानिन्छ । प्रतिव्यक्ति प्राकृतिक स्रोतको सम्भाव्यताबाट प्राप्त हुनसक्ने आम्दानीको विश्लेषण गर्दा मनाङ जिल्ला एक नम्बरमा रहेको पाइन्छ । त्यसैगरी प्राकृतिक स्रोत सम्पदाको सम्भावनाको विश्लेषण गर्दा बाजुरा, रौतहट, सिरहा, धनुषा जिल्लाहरू सबैभन्दा गरिबमध्येका जिल्लामा पर्दछन् । नेपाल उत्तरबाट दक्षिणतिर क्रमशः हिमाल, पहाड, तराई र मधेसतिर फैलिएर सामूहिक पहिचान बोकेको देश हो । क्षेत्रफलका दृष्टिकोणले सानो मुलुक भए तापनि यहाँ जे जति भौगोलिक विविधता छ, त्यत्ति नै जातीय, सांस्कृतिक विविधताले पनि धनी छ । विकास जुन गतिमा अगाडि बढ्द, त्यही गतिमा विनाश पनि बढिरहेको हुन्छ । प्रकृतिको कुनै भौगालिक सीमा हुँदैन् । देशका नदीनालाहरू राज्यको, प्रदेशको भौगालिक सीमाभित्र बाँधिएका हुँदैनन् तर विकासका लागि त्यस्ता स्रोतको जरुरी हुन्छ । जुन भावी संघीय गणतान्त्रिक देश नेपालको विकासका लागि पनि अपरिहार्य छ । पर्यटकीय दृष्टिकोणले हेर्दा सर्वोच्च शिखर सगरमाथाको अवस्थितिले सोलुखुम्बु जिल्ला रहेको क्षेत्र, अन्नपूर्ण हिमशृंखला रहेको क्षेत्रलगायत विश्वका उच्च पर्वत रहेका क्षेत्रहरू, विश्वकै दुर्लभ वन्य जन्तु एक सिंगे गैंडा पाइने भएकोले चितवन राष्ट्रिय निकुञ्ज र सोको आसपासको क्षेत्र सबैको तारो बन्न सक्छन् । तथापि नेपालको पूर्वदेखि पश्चिमसम्मका सबै क्षेत्र आ-आफ्नै विशेषताले धनी रहेका छन् र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छन् । प्राकृतिक स्रोतले धनी भएर पनि नेपाल विश्वको गरिब राष्ट्रमध्येको एक हो । नेपालमा रहेका यस्ता कैयौं हिमताल, हिमनदीहरू स्वच्छ जलभण्डारका स्रोत हुन् । यहाँ रहेका करिब ६ हजार नदीनालाको उद्गमस्थल मुख्यत: हिमशिखर र हिमताल नै हुन् । यस्ता नदीनालालाई जीवनोपयोगी प्राकृतिक स्रोतका अतिरिक्त अनन्य सम्पत्तिका भण्डार मान्न सकिन्छ । खानेपानी, सिँचाइ, विद्युत् उत्पादन, पर्यटन जस्ता कार्यमा यस्ता स्रोतहरूको भरपूर उपयोग गर्नु नै यस भेगका बासिन्दालगायत समग्र देशको विकासका लागि निर्विकल्प आधार हो । तर, त्यस्ता स्रोतको उपयोग हुन सकिरहेको छैन र यो क्षेत्र विकासका दृष्टकोणले सबैभन्दा पछाडि परेको छ । हिजोका दिनसम्म निकै महत्वका साथ लिइने तराईको उर्वर भूमिको भन्दा आज हिमाली र पहाडी भेगका पर्यटकीय क्षेत्रहरू, जलविद्युत तथा गैह्रकाष्ठ वन पैदावार र औषधिजन्य वस्तुहरू रहेका क्षेत्रहरूको महत्व बढ्दै जान थालेको छ । अझ हालसम्म पत्ता नलागेका अथवा परिभाषित हुन बाँकी रहेका प्राकृतिक स्रोत, शाधनको समतामूलक वितरण संघीयतामा गइसकेपछि कसरी गराउन सकिन्छ भन्ने विषयमा सबैले ध्यान दिनु जरुरी देखिन्छ । अहिलेको अवस्थामा उर्वर भूमिको मात्र अधिपत्य भएका प्रदेशहरू मात्र नभएर जंगलै, जंगलको अधिपत्य भएका प्रदेशहरू र पहाडै, पहाडको चुचुराहरू भएको प्रदेशहरू पनि बनाउन सकिन्छ । त्यसरी सीमांकन गरिएका प्रदेशभित्र विविध सम्भावनाहरू छन् र देखन सकिन्छ तथापि त्यस्ता ठाउँमा रहेका स्रोतको दिगो उपयोग गर्दै भोलि आत्मनिर्भर बन्न सक्छौं कि सक्दैनौं त्यसको आकलन गर्नु जरुरी रहेको छ । तसर्थ नेपालको संघीयताको सवाल, वर्तमानका लागि जटिल, भविष्यका लागि चुनौतीपूर्ण र सञ्चालन गर्न सक्दा सामान्य तर नसक्दा निकै भयावह हुने देखिन्छ । हामी प्राकृतिक स्रोतमा धनी भएता पनि यसको सही सदुपयोग हुन नसक्दा हामी गरिबीको चपेटामा परेका छौं । यहाँका कतिपय स्रोत त्यसै खेर गइरहेका छन् ।

प्राकृतिक स्रोतको उपलब्धतालाई ख्याल नगरी प्रदेशको सीमांकनतर्फ लागियो भने भविष्यमा ठूला ठूला द्वन्द्वको स्थिति सिर्जना गर्न सक्दछ । धर्म, संस्कृति र जातिगत संरक्षण, संबर्द्धन र त्यसबाट व्यक्ति या समूहको पहिचान एक प्रमुख मुद्दा हो तर पहिचानले मात्र मान समुदायको विकास सम्भव देखिँदैन । विकासको मुख्य आधार प्राकृतिक स्रोतसाधनको उचित व्यवस्थापनबाट हुने आम्दानीलाई बनाउनुपर्छ । यहाँ बहुपहिचानसहित प्राकृतिक स्रोत सम्पन्न राज्यमात्र भविष्यमा सफल हुन सक्छ । पिछडिएका जाति, दलित र गरिबका लागि विकासमा, जागिरमा र स्रोतलगायतका पहुँचमा विशेषाधिकार दिनुपर्छ । त्यसको केन्द्रबिन्दुमा जातिगतभन्दा गरिब, विपन्न र सीमान्तकृत वर्गलाई राखी नीति तथा कार्यक्रम निर्माण गरिनु आवश्यक हुन्छ । विश्वको सुन्दर भूगोल नेपाल प्राकृतिक स्रोतसाधनले सम्पन्न छ । विश्वका आठ हजारभन्दा अग्ला १० वटा हिमचुचुरामध्ये आठवटा नेपालमै रहनुमात्र नभएर बीसवटा संरक्षित क्षेत्रले देशको करिब २३ प्रतिशत भूभाग ओगटेका छन् । रामसार सूचीमा सूचीकृत नौवटा रामसार क्षेत्रहरू पनि यहीं रहेका छन् । विश्वका १३ देशमा मात्र पाइने पाटेबाघ, विश्वकै दुर्लभ मानिने एकसिंगे गैंडा, काँडे भ्याकुर, रेड पाण्डा पनि यहाँ पाइन्छन् । यसै गरी विभिन्न दुर्लभ एवं महत्वपूर्ण जडिबुटीको भण्डार पनि मानिन्छ, नेपालको हिमाली क्षेत्र । यसरी स्रोतसाधनले समृद्ध भएर पनि समृद्ध बन्न सकेको छैन, नेपाल । प्रकृति र पर्यटन एक सिक्काको दुई पाटाजस्तै हुन् ।

देशको आर्थिक विकासका लागि प्रमुख संवाहक मानिने, प्रकृतिको र पर्यटनबीचको सम्बन्धलाई जीवन्त राख्न नेपालको संघीय, प्रदेश र स्थानीय तहबीचमा समन्वय हुनु जरुरी रहेको छ । तीनै तहका सरकारले प्रकृति र पर्यटनलाई विशेष ध्यान दिनु जरुरी देखिन्छ । विधानसभाको निर्वाचनको लागि आफ्नो घोषणापत्र निर्माण गर्न तल्लीन रहेका राजनीतिक दलहरूले प्राकृति र पर्यटनका ससाना मुद्दालाई समेट्नेभन्दा पनि सैद्धान्तिक र रणनीतिक विषयमाथि जोड दिनुका साथै नीति तथा कार्यक्रमलाई पूर्णरूपमा कार्यान्वयन गर्ने आधारसमेत तय गर्नु जरुरी रहेको छ । यसो गरिएको खण्डमा मात्रै प्रकृतिको उपहार, यो सुन्दर भूगोलमा पर्यटन उद्योगले फड्को मार्नेछ र त्यो नै हुनेछ समृद्ध नेपालको बलियो आधारशीला ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ ज्ञान सिक्ने मौका छ । आँटेको र ताकेको कार्य पुरा होला । | **तुला** : अनावश्यक झमेलामा परिएला । आजको प्रयत्न निष्फल जस्तै होला । |
| **वृष** : आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ । | **वृश्चिक** : कूटनीतिक नियोगको सहयोग मिल्नेछ सफल यात्राको योग पनि छ । |
| **मिथुन** : भ्रमण, खानपान पहिरन तथा फेसनमा धन खर्च हुनेछ । | **धनु** : मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ । |
| **कर्कट** : शत्रुहरू किनारा लाग्नेछन् । चिताएको कामले तीव्रता लिनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइएला । नयाँ कार्यको थालनी हुन सक्छ । |
| **सिंह** : पठनपाठनमा प्रगति हुनेछ, तर दिनको उत्तरार्धमा धन खर्च हुनेछ । | **कुम्भ** : योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । |
| **कन्या** : आतिथ्यपूर्ण सम्मान पाइएला । चुनौती चिर्दै काम बनाउन सकिनेछ । | **मीन** : आज जुक्ति तथा बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ । |




वैदिक कथा — कमल रिजाल

# विभेद



वैदिक सनातन धर्ममा नारी र पुरुषबीचको विभेद प्राय: सुनिन्छ । विभेद छ भन्ने पनि छन्, छैन भन्ने पनि छन् । भाइबहिनीहरूको जानकारीका लागि यसैको वास्तविकता सम्बन्धी यहाँ एउटा कथा प्रस्तुत गरिएको छ । नेपालका भूमि पुत्र महर्षि याज्ञवल्क्य प्रकाण्ड वैदिक विद्वान्मा पर्छन् । राजा जनकको दरवारी गहना मानिने यी विद्वान् मिथिला निवासी मानिन्छन् । उनका मैत्रेयी र कात्यायनी नामका दुई पत्नी थिए । उनी जब ७५ वर्षका भए तब संन्यास लिने विचार गरे । वैदिक सनातन धर्ममा ७५ वर्षपछिको उमेरलाई संन्यास आश्रमको समय मानिएकाले त्यस्तो विचार गरेका हुन् । त्यसैले उनले पत्नीहरूलाई बोलाएर भने-

‘अब संन्यास आश्रममा जाने बेला भएकाले तिमीहरूलाई बोलाएको हुँ । मेरो उपस्थितिमा तिमीहरू मिलेर बसेका छौ । आपसमा झगडा गरेको कहिल्यै सुनेको छैन । म चाहन्छु यस्तो मेलमिलाप मेरो अनुपस्थितिमा पनि कायमै रहोस् । त्यसैले सारा धन सम्पत्ती तिमीहरूलाई बराबर बाडिदिन चाहन्छु । प्राय: झगडा सम्पत्तीको नाममा हुने भएकाले त्यस्तो नहोस् भनेर बराबर बाँड्ने विचार गरेको हुँ ।’

***नेपालका भूमि पुत्र महर्षि याज्ञवल्क्य प्रकाण्ड वैदिक विद्वान्मा पर्छन् । राजा जनकको दरवारी गहना मानिने यी विद्वान् मिथिला निवासी मानिन्छन् । उनका मैत्रेयी र कात्यायनी नामका दुई पत्नी थिए । उनी जब ७५ वर्षका भए तब संन्यास लिने विचार गरे । वैदिक सनातन धर्ममा ७५ वर्षपछिको उमेरलाई संन्यास आश्रमको समय मानिएकाले त्यस्तो विचार गरेका हुन् । त्यसैले उनले पत्नीहरूलाई बोलाएर भने- अब संन्यास आश्रममा जाने बेला भएकाले तिमीहरूलाई बोलाएको हुँ । मेरो उपस्थितिमा तिमीहरू मिलेर बसेका छौ । आपसमा झगडा गरेको कहिल्यै सुनेको छैन । म चाहन्छु यस्तो मेलमिलाप मेरो अनुपस्थितिमा पनि कायमै रहोस् । त्यसैले सारा धन सम्पत्ती तिमीहरूलाई बराबर बाडिदिन चाहन्छु । प्राय: झगडा सम्पत्तीको नाममा हुने भएकाले त्यस्तो नहोस् भनेर बराबर बाँड्ने विचार गरेको हुँ ।’***

कात्यायनी सामान्य गृहिणी थिइन् । याज्ञवल्क्यको कुराले खासै फरक परेन तर मैत्रेयी विदुषी थिइन् । उनले भने सामान्य रूपमा लिन सकिनन् र प्रतिक्रिया जनाउँदै भनिन्-

‘ठिकै छ संन्यास आश्रममा जान चाहनुहुन्छ भने जान सक्नुहुन्छ रोक्दिन तर पहिले यो बताउनुस् कि तपाईंको सम्पत्तीले हामीलाई आत्मसन्तुष्टि मिल्छ ?’

मैत्रेयीको कुरा सुनेर याज्ञवल्क्य एकछिन् अनकनाए । उनलाई लाग्यो कुरा त सही हो धनसम्पत्तीले आत्मशान्ति हुँदैन । किनकि प्रेम भन्ने कुरो धनसम्पत्तीसित नभई आत्मासित हुन्छ । त्यसैले सम्झाउँदै भने-

‘मैत्रेयी ! संसारमा कोही पनि धनसम्पत्तीबाट सन्तुष्ट हुँदैनन् । किनभने प्रेम भौतिक सम्पत्तीसँग नभई आत्मासित हुन्छ । त्यसैले संसारमा न पतिले पत्नीसँग पत्नीकै लागि प्रेम गरेका हुन्छन् न पत्नीले पतिसँग पतिकै लागि प्रेम गरेकी हुन्छिन् । न बाबुले छोरासँग छोराकै लागि प्रेम गरेका हुन्छन् न छोराले बाबुसँग बाबुकै लागि प्रेम गरेका हुन्छन् । न आमाले छोरासँग छोराकै लागि प्रेम गरेकी हुन्छिन् न छोराले आमासँग आमाकै लागि प्रेम गरेका हुन्छन् । दिदीबहिनी, दाजुभाइ, इष्टमित्र, करकुटुम्बसँगको प्रेम पनि त्यस्तै हो । कसैले पनि कसैका लागि प्रेम गरेका हुँदैनन् । अपितु आफ्नै आत्मासँग नै गरेका हुन्छन् । जब प्रेम नै आत्मसँग हुन्छ भने धनसम्पत्तीबाट सन्तुष्टि मिल्ने प्रश्नै रहन्न ।’

याज्ञवल्क्यको कुरा सुनेर मेत्रेयीले लामो सास फेर्दै भनिन्-

‘त्यसो भए हामीलाई त्यस्तो चीज दिएर किन पन्छिन खोज्दै हुनुहुन्छ ? वेदका ज्ञाता हुनुहुन्छ, प्रकाण्ड विद्वान्मा पर्नुहुन्छ स्वर्थी भन्न त सक्दिन तर कुरा भने त्यस्तै गरिरहनुभएको छ । हो धर्मशास्त्रले संन्यास आश्रमको कुरा गरेको छ तर त्यस्तो अवस्था त सबैमा लागू हुनुपर्ने हो नि होइन र ? पतिले ७५ वर्षपछि संन्यास आश्रममा जानुपर्छ भने पत्नीले चाहिँ पर्दैन ? तपाईं जाने हो भने हामीलाई पनि जान दिनुपर्ने हुन्छ । धर्ममा पनि कतै नारी र पुरुषमा भेद हुन्छ ? हुन्छ भने कुन धर्मशास्त्रले त्यस्तो भनेको छ देखाउन सक्नुहुन्छ । होइन भने हामी पनि तपाईंसँगै संन्यास आश्रममा जान चाहन्छौं ।’

मैत्रेयीको कुरा सुनेर याज्ञवल्क्यले थप सम्झाउँदै भने-

‘मैत्रेयी ! तिम्रो कुरा पनि सही हो तर धर्मशास्त्रमा पुरुषलाई मात्र आश्रम धर्मको व्यवस्था गरिएको छ, नारीलाई छैन । त्यसैले तिमीहरूलाई गृहस्थीमै रहन आग्रह गरेको हुँ ।’

याज्ञवल्क्यको कुरालाई मैत्रेयीले सिधै नकार्दै भनिन्-

‘कहाँ त्यस्तो हुन्छ ? धर्मशास्त्रमा उल्लेख छैन भने गर्नुपर्छ । आखिर धर्मशास्त्र लेख्ने भनेको पनि तपाईंहरूजस्तै विद्वान्हरूले हो । व्यवहारमा त नारी र पुरुषबीच भेद गरियो, गरियो कम्तीमा धर्ममा त नगरियोस् ।’

त्यसपछि याज्ञवल्क्यले यथार्थ बुझाउँदै भने-

‘कुरा त्यसो होइन मैत्रेयी ! प्रकृति प्रदत्त विभेद बाहेक नारी र पुरुषबीच न धर्ममा विभेद भएको छ न व्यावहारिक विभेद नै उचित मानेको छ । मात्र के हो भने पुरुषले संन्यास धर्ममा गएर जुन स्थान पाउन सक्छन् त्यस्तो स्थान नारीजातिले गृहस्थीमै बसेर पनि पाउन सक्छन् । यसको अर्थ यो होइन कि उनीहरूलाई संन्यास आश्रममा जानै निषेध गरिएको छ । चाहनेहरू जान सक्छन्, गएका पनि छन् । तथापि यथार्थ के हो भने नारीजाति यति बढी त्याग, सेवा र समर्पणधर्मी हुन्छन् कि त्यसैको माध्यमबाट गृहस्थीमै बसेर पनि संन्यास आश्रमजन्य लाभ लिन सक्छन् । त्यसैले यस्तो कुरा गरेको हुँ ।’

याज्ञवल्क्यको कुरा सुनेर मेत्रेयीको चित्त बुझ्यो । उनीहरूले गृहस्थीमै रहेर नारीसुलभ त्याग, सेवा र समर्पणको माध्यमबाट मुक्तिलाभ गरे । याज्ञवल्क्यले संन्यास आश्रमको धर्म निर्वाह गरी मुक्ति पाए । वृहदारण्यक उपनिषदमा आएको यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर धर्मशास्त्रमा नारी र पुरुषबीच विभेद छैन भन्ने कुरा भने सत्य हो । नारी र पुरुषबीच केही प्राकृतिक भिन्नता छ । सोही अनुसार हुने प्राकृतिक विभेद अन्य कुनै पनि कुरामा पनि विभेद छैन । यदि कहिँकतै त्यस्तो भएको छ भने त्यो विकृति हो । यस्तो काम मानिसले नै गर्ने भएकाले त्यसलाई सुधार्ने काम पनि मानिसकै हो ।

***-रातोपाटी डटकम***

निबन्ध — विनोद खड्का

# कहाँ जाँदै थिए होलान् ती वृद्ध ?

फेसबुकमा रिल हेर्दै थिएँ । एउटा सानो रिल मेरो नजरमा ठोक्किन आइपुग्यो । दृश्यमा भारतको एउटा प्लेटफर्मबाट रेल गुड्न सुरु भयो र बिस्तारै त्यसको गति बढ्दै थियो । एक जना वृद्ध दौडिँदै सकी नसकी त्यो रेलभित्र पस्ने प्रयास गर्दै थिए । उनको एउटा हातमा पोको थियो । उनले ढोकामै पुगेर रेललाई अर्को हातले समातेका पनि हुन् । आफ्नो पुरै शरीरलाई रेलभित्र हुत्त्याउने प्रयास पनि गरेकै हुन् तर सम्भव भएन, उनी लडे । रेलले उनलाई छोडेर गयो । ती वृद्ध लड्न सक्ने सम्भावना देखिसकेका रेलवेकै एक जना सुरक्षाकर्मी उनी भएतिरै दौडिँदै थिए । सुरक्षाकर्मीले वृद्धलाई रेलको पटरीभित्र खस्न सक्ने सम्भावनाबाट बचाए । क्षणभरमै अरू पनि सुरक्षाकर्मीहरू दौडिँदै पुगे घटनास्थलमा र सबैले ती वृद्धलाई सहयोग गरे । त्यो रिल सकियो । अर्को रिल आयो । त्यसपछि अर्को, अर्को । सानो प्रस्तुति तर निकै गहन, निकै मिहिन । मेरो मस्तिष्क भने त्यही रिलमा घुमिरह्यो ।

के मिलेन र ती वृद्ध सफल भएनन् हिँडिरहेको त्यो रेलभित्र प्रवेश गर्न ? के ले रोक्यो उनलाई त्यो रेलको डिब्बाभित्र घुस्रिन ? के उनको मानसिक शक्तिले नै साथ नदिएको हो ? वा उनको शारीरिक दुर्बलताका कारण उनी सफल भएनन् ? उनको प्रयास पक्कै पनि केवल अन्दाजमा थिएन बरु आँट र विश्वासमा थियो । तर किन काम गरेन उनको आँट र विश्वासले ? अनेक प्रश्नहरू जन्मिए क्षणभरमै । हामी मानवजातिले जानेको भनेकै प्रश्न गर्न त हो । त्यसो त प्रश्न नै नगर्ने हो भने समस्या कसरी पहिल्याउने ? समस्या नै पहिल्याउन सकिएन भने समाधान कसरी जन्मिएला र ? मलाई लाग्दैन कि ती वृद्धले पहिलो पटक यात्रा गरेका थिए रेलमा । वा पहिलो पटक यात्रा गर्दै थिए त्यो प्लेटफर्मबाट । उनले पक्कै पनि उनको जीवनमा धेरै पटक यात्रा गरिसकेका छन् त्यो प्लेटफर्मबाट । फरक यत्ति हो कि उनको उमेरसँगै उनको आँटले काम गर्न सकेन होला । उनको आत्मविश्वासले साथ दिएन होला । उनको शारीरिक क्षमताले उनलाई उचाल्न सकेन होला । उही हो शरीर, उही हो उनी, त्यही हो रेल, त्यही हो प्लेटफर्म, फरक त समय मात्रै हो । यत्ति हो कि अब उनमा त्यो शक्ति रहेन जसको भरमा उनी वर्षौं पहिलेदेखि नै हिँड्न थालेको रेलमा सहजै चढ्थे । हाम्रो मानव जीवनको संरचना नै यस्तै छ । जस्तै बाहुबली भए पनि उमेर चढेसँगै बाहुबल बढ्दैन, सँगै बस्दैन । स्वाभाविक रूपमा आफूसँग भएको बल पनि निस्तेज हुँदै जान्छ । त्यसैले मान्छेले जीवनभर एकै प्रकारको प्रयास गर्नु नगर्नुको कुनै अर्थ रहँदैन । सबै कुराहरू समयको चक्रमा घुम्दै जाने हो । सबै समय उस्तै हुँदैन कुनै पनि मान्छेका लागि । सोचाइका तरङ्गहरूमा फैलिँदै गर्दा अनायासै भाइबरमा कल आयो परदेशीलाई । रिलबाट ध्यान भाग्यो । घरदेशबाट जीवन सङ्गिनीको कल आएको थियो । संवादमा थोरै समाचारहरू आदान प्रदान भए, यताका र उताका । थोरै गर्नु पर्ने कामहरूका बारेमा छलफल भए । आर्थिक पाटोमा पनि छलफल भयो । यो छलफलको प्रक्रिया निरन्तरता हो कुनै आकस्मिकता होइन । “मैले हजुरलाई नभनीकनै एउटा काम गरेँ । गाली नगरिस्यो है ! मैले चन्द्रमा बनाएँ ।” एउटा नौलो कुरो खस्यो संवादमा । आउट अफ ट्रेक थियो के रे त्यसैले उनले गाली नगर्ने बाचा गराइन् पहिल्यै । त्यसो त गाली नै गर्नु पर्ने के थियो र, आखिर सम्पत्ति नै जोडिएको थियो । पैसा परिवर्तन भएर धातु बनेको थियो र आफ्नै पोल्टामा थियो । “रहर लागेको चिज बनाउनु पर्छ आफूले सकेको बेलामा । पछि आउने बाटो नभएपछि बनाउन सकिन्न । अहिले त काम छ, कमाइ छ । ठिकै त भो नि ।” मैले सहमति जनाएँ । मान्छेको जिन्दगी अनौठो त होइन तर कहिलेकाहीँ चाहिँ अचम्मै लाग्दो रहेछ । हामी कमाउँछौं, जम्मा गर्छौं । पाई पाई हिसाब गर्छौं आफ्नो मिहिनेतको कमाइ । यता तानेर उता तानेर व्यवहार मिलाउँछौं । आफ्नो परिश्रमको कमाइलाई जसरी पनि मिलाउने कोशिस गर्छौं । परिणाम शान्तिपूर्ण नै हुन्छ । हाम्रै देशको कुरा गर्ने हो भने एउटा तलबी जागिरेले मोटा सिक्री गलामा र औलै पिच्छे औँठी घुसाउनै सक्दैन । यदि कसैले घुसार्यो भने कि त ऊ बिदामा घर आएको लाहुरे हो या त कुनै बिचौलिया या ठेकेदार । नेपालको जागिरेको तलब संरचना हेर्दा यो सम्भव हुँदैन । यदि कुनै जागिरेले साँच्चिकै मोटै सिक्री गलामा र औलै पिच्छै औँठी घुसार्यो भने त्यसको जीवनको रेल तलबको ट्र्याकमा होइन बरु अरू नै ट्र्याकमै चल्छ भन्ने बुझौं । किनभने कुनै पनि संस्थाले त्यति मनमौजी सोख पुरा गर्ने गरी तलब दिँदैन । दिँदै दिँदैन । त्यसमाथि तलबको थाप्लोले बोक्ने आवश्यकताको भारी निकै ठुलो हुन्छ कुनै पनि जागिरेको जीवनमा । तर पनि कुनै त्यस्ता रहरहरू हुन्छन् जुन पुरा गर्न सकिन्छ, कन्जुस नै पनि बन्नु पर्दैन । यो मेरो नितान्त विचार हो । मान्छेले पाई पाई हिसाब गरेर जम्मा गरेको पैसा जोडेर थैली बनाउँछ । त्यही थैली चढेर सन्तानले शिक्षा दीक्षा आर्जन गर्छन् । त्यही थैलीकै आडमा विदेशतिर पनि हानिन्छन् । कसैले त त्यही प्रयोजनका लागि शीर्णको डोको पनि बोक्छ । उडेको रहर फर्किन्छ कि फर्किँदैन यसै भन्न सकिँदैन ।

आफ्ना रहरहरूलाई थाँती राख्न मान्छे असाध्यै माहिर छ । पछि सकियो भने जोडौला, पछि हुँदा लगाउँला, हुँदा खाउँला, गरुँला भन्दाभन्दै मान्छे तिनै वृद्ध मान्छेको हालतमा पुग्छ । उमेरले उकालो चढेको पत्तै पाउँदैन । लेक त पुग्ला नपुग्ला तर आफ्नै अन्दाजहरू आफ्ना लागि बिराना बन्छन् । आफ्नै विश्वासहरू आफैलाई छोडेर परदेसिन्छन् । सधैँ चढ्ने गरेको रेलले पनि छोडेर जान्छ । त्यही होइन र ती वृद्धको अवस्था? एक जना हैदरावादी मित्र राजुभाइ भन्थ्यो, “जो दुख करके जोड्ता हे ऊ चयन नही कर सकता हे । जो चयन करता हे ऊ दुख नही करता हे । हम जो कमाते हे, अपने ही कमाइ खर्च करने कि लिए डरते हे । बाद मे छोडके जाते भी हे । ओ ये पैसा खर्च करेगा और खुस रहेगा जीसने ये सम्पत्ति कमाया हि नही । जीवनके यही यथार्थ हे, कोही रहस्य नही हे । हम केवल यथार्थको नजर अन्दाज करते हे ।” म दोहाको विमानस्थलबाट यात्रा गर्दा देख्ने गर्छु थुप्रै जोर बा आमाहरू । तिनीहरूमा फरक फरक किसिमका उत्साह र अन्दाजहरू देख्छु । जो विदेश जाँदै छ उसमा केही हदसम्म ऊर्जा देख्छु । जो विदेशबाट फर्कँदै छ उसमा कुनै उत्साह भेट्दिन । यद्यपि थोरै बा आमाहरू भने निकै उत्साहित र खुसी देख्छु । खास गरी ती बा आमाहरू खुसी देख्छु जसलाई आफ्नो जन्मथलो, घर, आँगन र गाउँ पुग्ने हुटहुटीले लखेटिरहेको हुन्छ । थोरै खुसीहरू त्यहाँ पनि देख्छु जो विदेशका अनुभवहरूलाई आफ्नै समकालीन मित्र मण्डलीमा बाँड्न आतुर हुन्छन् । आखिर किन धेरै बा आमाहरूमा परदेशबाट फर्किंदा त्यो उत्साह देखिँदैन जो उनीहरू उता जाँदा देखिन्छ ? के परदेशबाट फर्किनु पर्यो भनेर हो ? बिलकुलै होइन । उत्तर खोज्ने जिम्मा तपाईंलाई नै लगाएँ । महँगो डलरको बुई चढाएर छोराछोरीलाई विदेश पुर्‍याउने ती बा आमाहरू धेरैजसो तेल भिसाको अवसरमा पुगेका हुन्छन् विदेश । थोरै मात्रै छोराछोरी हुन्छन् जसले घुमाउने नै प्रयोजनका लागि बा आमालाई विदेश पुर्‍याओस् । औँलामा गन्न सकिनेले लैजाँदा हुन् आफ्नो माता पिताको हेरचाह गर्ने नै उद्देश्यले । जब छोराछोरीहरू विदेश जाँदै हुन्छन्, हातमा एउटा पोको बोकेकी आमा भन्छिन्, “ल यत्ति झोलामा हाल । बिचमा खान हुन्छ भोक लागेका बेलामा ।” “ल अलिकति पैसा बाहिर राख । बिचमा केही किनेर खानु हुन्छ भोक लागेका बेलामा ।” बा भन्छन् अलिकति पैसा आफ्नो सन्तानको पकेटमा हालिदिँदै । तर तीनै बा आमाहरू विदेशबाट फर्किंदा बाटोखर्च दिने सन्तान हत्तपत्त भेटिँदैनन् । नपत्याए अनुसन्धान गरेर हेर्नुस् । दोहाको विमानस्थलमा अरू यात्रीहरू त्यहाँभित्रका फुड आउटलेटमा पेट भरिरहेका हुन्छन् तर ती बा आमाहरू अघिल्लो उडान कहिले होला र जहाजमा भोक मार्न पाइएला भनेर कुरिरहेका हुन्छन् । उनीहरू निकै लामो यात्रा गरेर आएका हुन्छन् र अझै साँढे चार पाँच घण्टा लामो उडानमा त उड्नु नै छ । भोकले कसैलाई छोड्दैन, बा आमालाई मात्रै के छोडोस् । बा मनमनै सोच्छन् - मैले मसँगै आएकी मेरी जीवन सङ्गिनीलाई केही खानेकुरा पनि दिन सकिन । आफूसँग साथमा डलर छैन । भएको पनि सन्तानलाई नै छोडेर आइयो उनका मायाले । कति भोकाएकी होली ऊ तर म उनलाई भोक लाग्यो भनेर सोध्नेसम्म पनि आँट गर्न सक्दिन ।

आमा मनमनै सोच्छिन् - बिचरा बुढासँग दुई पैसा भा भो केही खाऊ भन्दा हुन् किनेर । नभएरै हो चुपचाप छन् । किन दुखाउनु उनलाई मुख खोलेर । उनलाई पनि त भोकले छोडेको छैन । उनी मुख खोल्ने आँट गर्दिनन् । त्यत्रो लामो यात्रामा जाँदै छन् बा आमा । जहाजकै खानाको भर के पर्नु । मन पर्ला नपर्ला बुढो शरीरलाई । दोहामा रोकिएका बेलामा त्यहाँको फुर्डकोर्टतिर पसेर केही खाना खानु है भनेर रियाल पोल्टोमा हालिदिने कोही सन्तान तपाईंले भेट्नु भएको छ ? ल रियाल नपाए केही डलर नै हाल्दिए पनि त हुन्छ नि हैन ? हामी सन्तानको मायाको खातिर सबै उनैको हो भन्छौं, उनैलाई थुपारिदिन्छौं । आफ्नो पोल्टो बेलैमा रित्याउँछौं । तर हामी किन आफ्नै भविष्य सोच्दैनौं ? हामी किन हाम्रै आवश्यकताहरू बुझ्न सक्दैनौं ? हामीहरू किन हाम्रा रहरहरूलाई मार्छौं ? के हामी मायाजालमै अड्केका हौ त ? के यही हो जीवनको नियम ? कहाँ जाँदै थिए होलान् ती वृद्ध ? किन हतारमा थिए उनी कि चलिसकेको रेलभित्र पस्ने प्रयास गरे आफ्नो जीवनलाई नै जोखिममा पारेर ? के त्यस्तो हतार थियो होला कि उनले हिँडिसकेको रेलमा नै पस्ने प्रयास गरे । को छ होला उनलाई पर्खेर बस्ने उनको बाटो हेर्दै । कहाँ छ होला त्यो गुँड जहाँ उनीजस्तै अर्को एउटा मान्छे उनकै प्रतीक्षामा बसिरहेको होस् । वा उनको जीवनमा त्यस्तो कुनै सङ्गिनी नै छैन होला जो उनको बाटो हेरिरहेको होस् । वा त्यस्तो गुँड नै छैन होला जहाँ उनले ओत भेटुन् । फेरि किन उनी गुडिरहेको रेलमा नै चढ्ने प्रयास गर्दै थिए ? कहाँ छन् होला ती जसलाई उनले आफ्नो काँधमा राखेर संकटका भेलहरू तरेका थिए । कहाँ छन् होला ती जसको सुन्दर भविष्य निर्माणका खातिर उनी शीर्णको बन्धकले कुँजो परेका थिए । के उनीहरू खोज्दै होलान् ती वृद्ध मान्छेलाई ? के साँच्चै उनीहरू ती वृद्धको खोजीमा निस्केका होलान् ? सायद शून्य । म अझै उत्तर खोजिरहेछु, कहाँ जाँदै थिए होलान् ती वृद्ध ? ***-साहित्यपोष्ट डटकम***



**धान रोप्न बीउ काढ्दै किसान**

गुल्मीको रूरूक्षेत्र गाउँपालिका-६ रिमुवाका किसान खेतमा धान रोप्न बीउ काढ्दै । मानो रोपेर मुरी उब्जाउने समय भएकाले बर्खायाममा किसान बढी खेतबारीमा व्यस्त हुने गर्छन् । *-तस्वीरः हुमाकान्त पोखरेल/रासस*

# बाख्रापालनमा हौसिँदै...

...बाख्रापालन सम्बन्धी सीप र प्रविधिबारे जानकारी नहुँदा आशा गरेअनुसार प्रतिफल लिन नसकिरहेको अवस्थामा रामपुरका महिलाले भने मनग्य कमाई गर्ने सोच बनाएर व्यवसायमा होमिएका छन् । महिला आर्थिक क्षेत्रमा अब्बल बन्दै जान थालेका छन् । बाख्रालाई दानापानी, घाँसपात दिने, खोर व्यवस्थापन सम्बन्धी राम्रो जानकारी नहुँदा मेहनतअनुसार उत्पादन नहुँदा बाख्रापालनमा निराशा बनेका महिला हिजोआज धेरै प्रविधि सिक्ने र बुझ्ने अवसर पाएपछि उत्साहका साथ व्यवसाय सञ्चालन गरिरहेका छन् । रामपुर-१० स्वामीभन्ज्याङ बस्ने सिर्जना सुनारले यसभन्दा अघि भैंसी बाँध्ने गोठमा परम्परागत तारिकाले बाख्रापालन गर्थिन् । बाख्रापालनका लागि नयाँ प्रविधि र सीप नजान्दा यसबाट आशा गरेअनुसारको प्रतिफल लिन सकिनन् । सात वर्षदेखि बाख्रापालनमा आबद्ध सुनारले परम्परागत तरिकाले पालन गरेकाले खासै आम्दानी गर्न नसकेको बताइन् । उनीमा बाख्रापालनका लागि आवश्यक ज्ञान, सीप र प्रविधिबारे जानकारी नहुँदा भैंसी बाँध्ने गोठमा सामान्य तरिकाले बाख्रा पाल्थिन् । हिजोआज भने बाख्रापालन गर्ने उनीमा धेरै ज्ञान, सीप र प्रविधिले घरमा पालिएका बाख्रा छिटो हुर्कँदै गएका छन् ।

"बाख्रापालन गर्ने ज्ञान, सीप थाहा नहुँदा राम्रोसँग बढ्न र हुर्कन नसक्ने, विभिन्न रोगको समस्याले सताउँथ्यो, नयाँ तरिकाबाट बाख्रापालन गरेपछि पाठापाठी जन्मेको एक महिनामा नै हलक्क हुर्कन थालेका छन्, समयमा दानापानी, घाँसपात उपलब्ध, बाँध्ने ठाउँ बेग्लै बनायो भने बाख्राबाट छोटो समयमा उत्पादन लिन सकिने रहेछ", उनी भन्छिन् । रामपुर नगरपालिकाले बाख्रापालन सम्बन्धी प्रविधि, बाख्रालाई औषधोपचार सेवा उपलब्ध गराएपछि पहिले र अहिले गर्ने व्यवसाय फरक भएको सुनार बताउँछिन् । हाल उनको घरमा चार माउ, तीन पाठा, दुई पाठी गरी जम्मा नौवटा बाख्रा छन् । पाठापाठी र माउ बस्ने खोर नै बेग्लै बनाएकी छिन् । विस्तारै घरमा उत्पादन भएका पाठी हुर्काएर माउ बनाउने र अन्य बाख्रा थप गरेर बढाउँदै जाने उनी बताउँछिन् ।

रामपुर-६ तालपोखरा बस्ने हरिमाया घर्तीले बाख्रापालनमा सहयोग पाएपछि अहिले रामपुरमै नमूना खालको व्यवस्थित खोर निर्माण गरेकी छिन् । नगरपालिकाले खोर व्यवस्थापनका लागि रु २० हजार रकम सहयोग गर्ने भएपछि उनले व्यवसायलाई बढाउने गरी करिब रु ६० हजारको लागतमा नमूना खोर तयार पारेको बताउँछिन् । हाल उनको घरमा चार माउबाख्रासहित नौवटा बाख्रा छन् । पहिलेदेखि नै बाख्रापालन गर्दै आएको भएपनि धेरै ज्ञान, सीप नजानेपछि मेहनत र परिश्रमअनुसार उत्पादन लिन भने नसकेको बताउँदै अब भने प्रविधिको प्रयोग गरी व्यवसाय सुरु गरेपछि राम्रो कमाई गर्ने आशा लिएकी छिन् । रामपुर नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक साझेदारी तथा पछौटेपन उन्मूलन समाज बेस नेपालको सहजीकरणमा रामपुर कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाअन्तर्गत आयआर्जनका लागि समूह गठन गरी बाख्रापालन कार्यक्रम सञ्चालन गरिएपछि महिला व्यवसायमा अग्रसर बनेका हुन् । नगरका १० वटै वडामा बाख्रापालन कार्यक्रम सञ्चालन भइरहेको छ । बाख्रापालनसम्बन्धी ज्ञान, सीप, नयाँ प्रविधि सिकाउँदै माउ तथा बोका वितरण गरिएको छ । सो कार्यक्रम सुरु भएपछि बाख्रापालनमात्र नभई निर्धक्कसँग बोल्न, आफ्ना मनमा लागेका कुरा बताउन सक्ने भएका छन् ।

रामपुरमा सुरु भएको परियोजनाले दुई वर्षदेखि तालिम तथा प्राविधिक सहयोगसहित नगरभित्रका १० वटै वडामा १० मूल समूह, १० युवा उद्यमी समूह र ३१ वटा उपहार समूह गरी ५१ समूह गठन गरेको छ । परियोजना सुरु भएदेखि चार सय २१ वटा बाख्रा माउ वितरण, उपहार प्रदान विधिअनुसार दिदी(बहिनी समूहलाई ३६ वटा माउबाख्रा प्रदान, नश्ल सुधारका लागि ५१ समूहमध्ये ४० समूहलाई ४१ वटा उन्नत जातको बीउ बोका प्रदान गरेको सो परियोजनाका संयोजक सन्जु परियारले जानकारी दिइन् । उनका अनुसार सो कार्यक्रममा नगरका ७७ जनाले बाख्रापालनका लागि आवश्यक उपयुक्त खोर निर्माण गरेका छन् । यस वर्ष समूहमा आबद्ध महिलाका लागि बाख्रा खोर सुधार कार्यक्रम अन्तर्गत रु २० हजार अनुदान प्रदान गरिएको छ । परियोजनाले छरिएर रहेका महिला तथा युवा उद्यमीलाई एकीकृत गरी सामूहिक भावनाको विकास गरी उद्यमी बन्न प्रेरित गर्दै आएको छ । घरमै बसेर सानो लगानीमा पनि बाख्रापालन गरेर महिलाले आफ्नो जीविका निर्वाह गर्न सक्ने भएकाले बाख्रापालनको क्षेत्रमा नगर सरकारले माउबाख्रा तथा औषधोपचार, विभिन्न सीपमूलक प्रविधि सहयोग कार्यक्रम गरेको रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापा बताए । बाख्रापालन कार्यक्रम नगर सरकारले प्राथमिकता दिएर सुरु गरेपछि रामपुरमा बाख्रापालन गर्ने महिलाको उत्साह बढेको र यसबाट आयआर्जनतर्फ उन्मुख हुँदै गएको नगरप्रमुख थापाले बताए । "महिलालाई आर्थिक क्षेत्रमा अब्बल बनाउन उनीहरूको रुचि र इच्छाअनुसार बाख्रापालन व्यवसाय भएकाले यस क्षेत्रमा नगर सरकारले परियोजनामार्फत आर्थिक सहयोग गरिरहेको छ", नगरप्रमुख थापाले भने, "नगरको आर्थिक सहयोगमा परियोजना सञ्चालनमा आएपछि घरमा एक-दुईवटा बाख्रापालन गर्नेले व्यावसायिकतामा जोड दिनुभएको छ ।" घरपरिवार, छोराछोरीको जिम्मेवारी महिलाको काँधमा छ । महिलाले कमाइ गर्न नसक्दा घरपरिवार, समाज, आफन्त, छिमेकीबाट अपहेलित हुनुपरेको छ । आर्थिक समस्याले महिला हिंसाका घटना पनि विभिन्न ठाउँ-ठाउँमा घट्ने गरेका छन् । त्यसकारण रामपुर नगरपालिकाले गरेको यस कार्यले व्यावसायिक बाख्रापालनमा महिलाले उदाहरणीय काम गर्न थालेका छन् । गाउँ-गाउँमा हिजोआज बाख्रापालनको लहर चलेको छ । व्यावसायिक बाख्रापालन सम्बन्धी थोरैमात्र ज्ञान हुनुले यो व्यवसायलाई आशातित हिसाबले अगाडि बढाउन नसकिरहेको अवस्थामा अब भने नगर सरकारको सहयोगमा महिलाले बाख्रापालनलाई परिवारको दरिलो आयस्रोत बनाउनेतर्फ अग्रसर भइरहेका छन् । गाउँ-गाउँमा सडक सुविधाले उत्पादित कृषिउपज बजारसम्म लैजान सहज, बजारमा बाख्राको माग बढ्दो, बजार मूल्य राम्रो, थोरै लगानीमा खोरमा दुई-चार बाख्रालाई राम्रोसँग पालनपोषण गरेर दैनिकी चलाउन सकिने भएकाले बाख्रापालन व्यवसाय महिलाको मुख्य व्यवसाय बनेको छ ।

खेलकुद समाचार

## महिला भलिबलमा एपीएफले विजय



**काठमाडौं**, असार २६/सातौँ संस्करणको प्रधानमन्त्री महिला तथा पुरुष क्लब लिग भलिबल च्याम्पियनशिप अन्तर्गत महिलातर्फको खेलमा नेपाल एपीएफ क्लब विजयी भएको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद राखेपको कर्भडहलमा भएको मंगलबारको पहिलो खेलमा एपीएफले एभरेष्ट भलिबल क्लबलाई ३-० को सोझो सेटमा हराएको हो ।

एपीएफले २५-९, २५-१२ र २५-१२ ले खेल आफ्नो पक्षमा पार्दै एपीएफले ३ अंक पाएको छ । यो जितसँगै एपीएफको तीन खेलबाट ८ अंक भएको छ र उ दोस्रो स्थानमा छ । ३ खेलबाट ९ अंक जोडेको नेपाल पुलिस अंक तालिकाको पहिलो स्थानमा छ । दुई खेलमा ६ अंक जोडेको न्यू डायमन्ड स्पोर्टस क्लब तेस्रो स्थानमा छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचकमा गिरावट



**पाल्पा,** असार २६/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि झिनो अंकले गिरावट भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ७३ अंकले गिरावट भएर दुई हजार ७२ दशमलब २४ मा सीमित भएको हो ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव २५ अंकले उकालो लागेर तीन सय ८८ दशमलव ८६ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ । मंगलबारको कारोबारमा विभिन्न कम्पनीका कूल ७९ लाख ८८ हजार नौ सय ८६ कित्ता शेयर रु दुई अर्ब ८५ करोड ९४ लाख ९० हजार चार सय ९० मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार कारोबारका आधारमा हिमालयन लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा छ । कम्पनीको रु १२ करोड ७८ लाख १३ हजार सात सय १९ बराबरको कारोबार भएको छ । शिवम् सिमेन्ट रु १२ करोड ५४ लाख ३९ हजार चार सय नौ, सोल्टी होटल रु १० करोड ६७ लाख ६५ हजार चार सय आठ, साइन रेसुङ्गा डेभलपमेन्ट बैंक रु छ करोड ६१ लाख ५८ हजार नौ सय ३४ र मञ्जुश्री फाइनान्स रु छ करोड ५६ लाख सात हजार छ सय ८० बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार हिमालयन पावर पार्टनर, एनआइबीएल समृद्धि फण्ड पहिलोको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै, रावा इनर्जी दशमलब ९८, लिवर्टी इनर्जी नौ दशमलब ६४ र कर्पोरेट डेभलपमेन्ट बैंकको शेयर मूल्य नौ दशमलव २४ प्रतिशतले बढेको छ । यस्तै, सिङ्गटी हाइड्रो पाँच दशमलब ९६, श्वेतगंगा हाइड्रोपावर पाँच दशमलब ६९, मन्दाकिनी हाइड्रोपावर पाँच दशमलब १४, इस्टर्न हाइड्रोपावर चार दशमलब ६२ र माथिल्लो हेवा खोलाको शेयर मूल्य तीन दशमलव ८५ प्रतिशतले घटेको छ ।

## पाल्पा प्यारागनले गऱ्यो एसईई उत्तिर्ण विद्यार्थीलाई नगदसहित सम्मान



**पाल्पा,** असार २६/पाल्पा प्यारागन ईङ्गलिस बोर्डिङ्ग स्कुलले एसईई २०७९ को परीक्षामा सफल भएका विद्यार्थीहरूलाई नगद सहित सम्मान गरेको छ । स्कुलले एक कार्यक्रमको आयोजना गरी एसईईमा उत्तिर्ण विद्यार्थीलाई बधाई तथा शुभकामनाका सहित सम्मान गरेको हो ।

तानसेन वडा ३ मा अवस्थित पाल्पा प्यारागन स्कुलबाट ३ दशमलव ८० जिपिए ल्याउन सफल विद्यार्थी शिषाङ्क रेग्मीलाई २० हजार रुपैयाँ र ३ दशमलव ७५ जिपिए ल्याउन सफल विद्यार्थी श्रीयन्सी रेग्मीलाई १० हजार नगद सहित सम्मान गरेको विद्यालयका प्रिन्सीपल गंगा खत्रीले बताए । विद्यालयबाट २०७९ चैत महिना सम्पन्न परीक्षामा १९ जना विद्यार्थी सहभागी भएका थिए ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई